सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३३५ ♦ २०८२ साल साउन ४ गते आइतवार ♦ 20 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## साफ यु-२० महिला च्याम्पियनसिप : भुटान माथि नेपालको सानदार जित

**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**



साफ यू २० महिला च्याम्पियनसिपको खेलमा शनिबार नेपालले भुटानलाई हर
ाएको छ। सहजै भुटानलाई पाखा लगाउने क्रममा बंगलादेशको ढाकामा भएको खेलमा नेपालले ८ गोल गर्‍यो। नेपालका लागि दुई खेलाडीले ह्याट्रिक गरे । पहिलो हाफमा नेपालले ६ गोल हानेको थियो भने दोस्रो हाफमा थप दुई गोल भयो। र, नेपालले गोल खाएन ।

यो जितसँगै आयोजक बंगलादेशलाई उछिन्दै नेपाल शीर्ष स्थानमा उक्लिएको छ । नेपालले ५ खेलबाट १२ अंक पुर्‍याएको छ । एक खेल कम खेलेको बंगलादेशको पनि समान अंक छ । तर, गोलअन्तरमा नेपाल अगाडि छ। नेपालले ३० गोल गर्दा ४ गोल खाएको छ। बंगलादेशले भने १९ गोल गर्दै ४ गोल खाएको छ। अब सोमबार नेपाल र बंगलादेशबीच हुने खेलको विजेताले उपाधि जित्नेछ ।

पहिलो हाफमै ६-० को अग्रता बनाएको नेपालका लागि पूर्णिमा राईले ह्याट्रिक पूरा गरिन्। उनले यस्तै पहिलो हाफमा दुई गोल गरेकी मिना देउवाले दोस्रो हाफमा थप एक गोल गरी ह्याट्रिक पूरा गरिन् । पहिलो हाफमै समीक्षा मगरले पनि एक गोल गरेकी थिइन् ।

नेपालले खेल सुरु भएको ४४ औं सेकेन्डमै गोल गरी अग्रता लिएको थियो । मिना देउवाले ४४ औं मिनेटमा सुन्दर गोल गरी खाता खोलेकी थिइन्। यस्तै खेलको नवौं मिनेटमा नेपालले अग्रता दोब्बर बनाउने क्रममा समीक्षाले गोल गरिन्। उनको प्रहार प्रहार क्रसबारमा लागेर भुटानकी गोलकिपरलाई टच गर
ी जाली चुमेको थियो ।

उत्कृष्ट लयमा देखिएकी मिनाले नेपालका लागि तेस्रो र व्यक्तिगत दोस्रो गोल १२ औं मिनेटमा गरिन्। सुक्रिया मियाको प्रहार लाई भुटानकी गोलकिपरले र
ोके पनि रिबाउन्डमा मिनाले बललाई सही दिशा दिइन् । मिनाले खेलपछि पत्रकारहरूसँग कुरा गर्दै ह्याट्रि गरेकोमा खुसी व्यक्त गरिन् । उनले अब बंगलादेशसँग हुने खेलका लागि कडा मिहिनेट गर्ने बताइन् । गोलको वर्षा भएको खेलको २३

*बाँकी पृष्ठ २ मा*

## गौशाला स्थित करौडोको कभर्ड हल जीर्ण बन्दै

**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**

सम्बन्धित निकाय हेरचाह अनि बेखवर भएपछि गौशालामा निर्मित कर्भड हल (वहुउद्देश्य कमर्सियल भवन) जीर्ण बन्दै गएको छ। भवनको भित्री भाग जीर्ण भई भत्किँदा समेत सम्बन्धितपक्ष बेखर बनेको छ ।

गौशाला उद्योग वाणिज्य संघको मातहतमा रहेको यो भवनको रेखदेख अनि उचित संरक्षणतर्फ भने कसैले ध्यान नदिदा करौडोको लागतमा निर्मित भवन क्रमिक रुपमा अस्तित्वविहीन बन्दै गएको स्थानिय रिंकी श्रेष्ठले बताईन् । उनले भनिन्, सार्वजानिक सम्पतिको संरक्षणका निम्ति देशमा तीन तहका सरकारका प्रतिनिधी भएतापनि यसतर्फ कसैको ध्यान नजानु दुखद रहेको छ । भवन निर्मित भएपछि स्थानियहरु हर्षित भएपनि पछिल्लो समयमा आएर भवन जीर्ण भ्रएको खबरले हरेकको मन खिन्न बनेको छ।

यसक्षेत्रमा विवाह, उत्सव, सभा सम्मेलन तथा खेलाडीहरुले खेलकुदको प्रायोजनले उपयोगमा ल्याउने यस भवनभित्र जाँदा जो कोही पनि सरोकारवालाप्रति प्रश्न उठाँउदै आएको गौशाला १ का राजकुमार कुशवाहाले बताए । उनले थपे, अत्याधुनिक सुविधा भवनले चिनेका भवन अहिले वेवारिसे र अलपत्र भएका छन्। यसप्रति हरेक नागरिकले कर्तव्यवोध हुने किसिमको भुमिका आउनुपर्ने अहिलेको आवश्यक्ता रहेको छ ।


*बाँकी पृष्ठ २ मा*




**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# निबन्ध प्रतियोगितामा सहभागी ४२ विद्यार्थीलाई साईकल प्रदान



**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिबास**

नेपाल भारत मैत्री संघ द्वारा आयोजित निबन्ध लेखन प्रतियोगितामा प्रथम,द्वितीय र तृतीय स्थान हासिल गरेका ४२ जना छात्रछात्राहरुलाई पुरस्कृत गर्दै साईकल वितरण गरिएको छ। नेपाल भारत मैत्री संघले आयोजना गरेको "नेपाल भारत सम्बन्ध हिजो आज भोली" विषयक निबन्ध लेखन प्रतियोगितामा महोत्तरी र धनुषा बाट सहभागी विद्यार्थीहरुलाई भारत सरकार द्वारा उपलब्ध गराईएको साईकल पुरस्कार स्वरूप वितरण गरिएको जनाईएको छ।

महोत्तरीको जलेश्वर स्थित समन्वय समितिको सभाहलमा आयोजना गरिएको सम्मान तथा पुरस्कार वितरण कार्यक्रम मार्फत विद्यार्थीहरुलाई प्रमाण पत्र,साईकल तथा सहयोग गर्ने शिक्षकहरुलाई सम्मान गरिएको संघका मधेश प्रदेश अध्यक्ष लवराजा सिंहले जानकारी दिए। विरगंज स्थित भारतीय महावाणिज्य दूतावासका प्रमुख देवी सहाय मीणाले भारत सर कार सधैं नेपालको शिक्षा, संस्कृति र सामाजिक प्रगतिको पक्षमा सकारात्मक सहयोगी र हुँदै आएको उल्लेख गरे। "नयाँ पुस्ताले नेपाल-भारत सम्बन्धको बहुआयामिक पक्षलाई बुझ्न सकोस् भनेर यस्तो प्रतियोगिता आयोजना गरिएको हो। विद्यार्थीहरूको मनोबल वृद्धि गर्दै मित्रता र विश्वासको नयाँ आयाम विस्तार गर्न भारत सर कारद्वारा साईकल पुरस्कार प्रदान गरिएको हो," उनले बताए। नेपाल सरकारका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले नेपालको भूमि भारत विरुद्धको गतिविधिमा प्रयोग गर्न नदिने बताए। "हामीले सहज रुपमा बोल्न पाएको लेख्न पाएको यसमा लोकतान्त्रिक भारतको ठुलो भूमिका रहेको छ। नेपाल भार तको सांस्कृतिक महत्व लगायत बहुआयमिक सम्बन्ध बारे नयाँ जेनरेशनले बुझ्न पाउने छन। नेपाल भारतको मित्रतापूर्ण सम्बन्धलाई नयाँ आयामले विकसित गर्न हामी गम्भीर हुनुपर्ने उनले बताए।

नेपाल-भारत सम्बन्ध केवल राजनीतिक नभई सामाजिक, सांस्कृतिक, आर्थिक र भावनात्मक स्तरमा समेत घनिष्ठ रहेको छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार, मानव संसाधन विकास लगायतका क्षेत्रमा भारत सर कारको सहयोग नेपाली जनताले सधैं अनुभव गर्दै आएका छन्। दुई देशका युवाबीच आपसी समझदारी र सहयोगलाई अझ प्रगाढ बनाउने विश्वास रहेको नेपाल भारत मैत्री संघका केन्द्रिय अध्यक्ष ई शैलेन्द्र मोहन झा ले विश्वाश व्यक्त गरेका थिए।

मधेश प्रदेश संघका अध्यक्ष लवराजा सिंहले नेपालको जिल्लाहरु भारतिय सिमाना सँग जोडिएको छ। " भारत बाट आगन्तुक नेपाल आउने गर्छन र हामी पनि नेपाल बाट भारत तर्फ जाने गर्छौं दुईदेशका आमनागरिकमा धार्मिक र व्यापारिक सम्बन्ध रहेकोले हामिले आगन्तुकलाई न्यानो स्वागत र आतिथ्य व्यवहार गर्नुपर्ने आवश्यक रहेको जिकिर गरे।

त्यस्तै नेपाल भारत मैत्री संघ महोत्तरीका अध्यक्ष लव सिंहले महोत्तरी धार्मिक पर्यटकीय दृष्टिकोणले असिमित सम्भावना बोकेको बताउदै हामिले महोत्तरीमा दुईदेशका नागरि कलाई जोड्ने प्रयास गर्नुपर्ने बताए र भारत नेपालको सम्बन्धलाई सुमधुर गर्न पहल गर्न हाम्रो प्राथमिकता हुनुपर्छ भन्ने विचार राखेका थिए।

नेपाल भारत मैत्री संघ द्वारा आयोजित निबन्ध लेखन प्रतियोगितामा संघका केन्द्रिय,प्रदेश तथा जिल्ला स्तर का पदाधिकारी सहित शिक्षक तथा विद्यार्थीहरुको उपस्थिति रहेको थियो।




# क्षीरेश्वर सेवा समाज कतार द्वारा खाद्यान्न सहित नगद सहयोग



**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, महेन्द्रनगर**

क्षीरेश्वर सेवा समाज कतार संस्था द्वारा दुर्घटनामा परी अपांग भएका एकजनालाई खाद्यान्न सहित नगद सहयोग गरेको छ।

क्षीरेश्वरनाथ नगरपालिका वडा नं ७ स्थित महादेव मठ को प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा दुर्घटना पीडित क्षीनपा वडा नं ७ का पारस ठाकुरलाई खाद्यान्न सामाग्री सहित एघार हजार एक सय नगद राहतको स्वरुप हस्तान्तर ण गरिएको सेवा समाज कतार का अध्यक्ष विष्णु बहादुर कार कार्कीले बताए।

सो अवसरमा समाजमा विभिन्न किसिमले योगदान पुर्याउने स्थानीय एक दर्जन व्यक्तिहरुलाई सम्मान संस्थाले सम्मान समेत गरेका थिए।

# साफ यु-२० महिला....

औं मिनेटमा मिनाको पासमा पुर्णिमा राईले गोल गरिन्। यो गोलबाट नेपालले ४-० को अग्रता बनायो।

इन्जुरी समयको पहिलो मिनेटमा सरिताको फ्रिकिकमा गोल किपरले मिस जज गर्दा पुर्णिमाले हेडर गोल गरिन्।

इन्जुरी समयको अन्तिम मिनेटमा डिफेन्डरलाई छलाउँदै पूर्णिमाले उत्कृष्ट गोल गरी ह्याट्रिक पूरा गरिन्।

पहिलो खेलमा भुटानलाई ६-१ ले हराएको नेपाल दोस्रो खेलमा आयोजक बङ्गलादेशसँग ३-२ गोल अन्तरले हारेको थियो। तेस्रो र चौथो खेलमा श्रीलंकालाई समान ७-०, ७-० गोल अन्तरले हराएको थियो।

# गौशाला स्थित.....

जुन पछिल्लो समयमा आएर हरेकले बिर्सिदा करोडौको भवन अहिले जीर्ण बनेको छ।

महोत्तरीको गौशालामा ४ करोडको लागतमा बहुउद्देश्यीय भवन (कभर्ड हल) को निर्माण हुने भएको छ। महोत्तरी क्षेत्र नं. १ ख बाट निर्वाचित नेकपाका प्रदेश साँसद भरतप्रसाद साहले संसदीय विकास कोषमार्फत प्राप्त भएको रकमबाट गौशालास्थित जीरोमाईलमा अत्याधुनिक पूर्वाधारसहितको कभर्ड हल निर्माण हुन लागेको हो।

महोत्तरी क्षेत्र नं. १ ख का प्रदेशसाँसद भरतप्रसाद साहको संसदीय विकास कोषमार्फत पौने ४ करोडको लागतमा सो अत्याधुनिक सुविधासम्पन्न कभर्ड हलको निर्माण भएको छ। जुन अहिले व्यवस्थानको जिम्मेवारी गौशाला उद्योग वाणिज्य संघको मातहतमा रहेको छ।

# ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केबर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२, ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# तीन इन्चको काँटी पेटमा पसेपछि, जनकपुरमै बिना शल्यक्रिया



**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, जनकपुरधाम**

सिरहा मिर्चैयाका ११ वर्षिक वालक विशाल पण्डितले खोई कसरी तिन इन्चको काँटी खाइदिए । त्यसपछि उनलाई पेट दुख्न सुरु भयो । तर डरले उनले कसैलाई पनि आफुले काँटी खाएको जानकारी भने गराएन ।

पेट दुखाई निको नभएपछि जनकपुरधाम उपचारका लागि अभिभावक संगै आएका बालकको भिडियो एक्सरे गर्दा पेटको सानो आन्द्रामा कालो तिन इन्चको काँटी देखियो । अभिभावक र उपचारमा खटेका पेट रोग विशेषज्ञ चिकित्सक, ग्याँसट्रोलोजिष्ट डा. रामदेव चौधरी पनि आश्चर्यमा परे । तर चिकित्सकको कुशलताका कारण इन्डोस्कोपी माध्यमले नै काँटी बाहिर निकाल्न सफल भएको छ । डा. चौधरीले शल्यक्रिया बिनानै सो काँटी कुशलतापूर्वक बाहिर निकालि दिएपछि अभिभावक हर्षित भए ।

डा. चौधरीले भने, 'पहिलो प्रयास बिना शल्यक्रिया नै इन्डोस्कोपी माध्यमले गरौं भन्ने भयो र हामि सफल पनि भयौं ।' पेट छाती तथा ग्याँसट्रोलोजिष्ट विशेषज्ञ डा. चौधरी जनकपुरधामको प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक हुन ।

# दुई क्विन्टल धान लिएकोमा ३ लाख ७२ हजार को दाबी सहित मुद्दा



**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, जनकपुरधाम**

धनुषा गणेशमान चारनाथ नगर पालिका-८ का ५६ वर्षीय कुलदीप कुमर असार पहिलो सातादेखि निकै चिन्तित छन् । उनलाई खाना रुच्दैन, निद्रा पनि लाग्दैन । गरिब भएकै कारण जेल जानुपर्ने हो कि भनेर मनमा कुरा खेलाइरहन्छन् ।

कारण हो, जिल्ला अदालत धनुषामा परेको मुद्दा ।

उनले पाँच वर्षअघि दुई क्विन्टल धान लिएकामा साहुले ३ लाख ७२ हजार दाबीसहित लेनदेन मुद्दा हालेका छन् ।

'केही गर्न मन लाग्दैनन् । न खाना रुच्छ, न काम गर्न मन लाग्छ,' कुलदीपले भने, 'दुई क्विन्टल धानका लागि जेल जानुपर्छ भन्ने कुरा मनमा खेलिर हन्छ ।'

कुलदीप निरक्षर छन् । उनी मात्र होइन श्रीमती आसवत्ती देवी पनि समान्य लेखपढ जान्दिनन् । ३० वर्षीय एक्लो छोरा तेजीकुमार दनुवार मजदुरीका लागि भार तमा छन् ।

पाँच वर्षअघि कुलदीपले दुई क्विन्टल धान गाउँकै साहु उमेश यादवसँग लिएका थिए । दुई महिनामा मजदुरी गरेर पैसा दिने मौखिक सहमति भएको थियो । तर, कुलदीप बिरामी परे । कामै गर्न सकेनन् । साहु उमेशले पैसाका लागि ताकेता गर्न थाले । ताकेता टार्न कुलदीप दम्पती तमसुक बनाउन राजी भए । 'घरमा आएर धेरै ताकेता गर्थ्यो । तमसुक बनाउन भन्नुहुन्थ्यो,' आसवत्तीले सुनाइन्, 'सधैं घर आएर बेइज्जती गर्न थालेपछि तमसुक बनाएका थियौं ।'

उनका अनुसार साहुले त्यही समय मूल धनको तीन गुणा बढी बनाएर तमसुक गराएका रहेछन् । पहिलो तमसुक १६ हजारकै थियो । त्यसपछि ४८ हजारको तमसुक दबाब दिएर बनाउन लगाए । 'अहिलेसम्म तीन वटा तमसुक बनायो । अढाई वर्षअघिको तमसुक अन्तिम हो,' उनले सम्झिँदै भनिन्, 'त्यतिबेला एक लाख मूल धन भयो भनेर हामीलाई भन्यो तर पनि तीन लाखको तमसुकमा अँगुठा छाप लियो ।'

२०७९ फागुन १२ गते तीन लाख रुपैयाँको तमसुक बनाइएको छ । सोही तमसुकका आधारमा अहिले जिल्ला अदालत धनुषामा साहु उमेशले लेनदेन मुद्दा दिएका छन् । यो आधार मा यही ६ गतेसम्म तीन लाख ७२ हजार रुपैयाँ असुल गर्नुपर्ने साहु उमेशको दाबी छ ।

साहु उमेशले दुई क्विन्टल धानकै तीन लाख रुपैयाँ भएको स्वीकार गरे । धेरै दिन भएको र समयमा नदिएको कारण रकम बढी देखिएको उनको तर्क छ । आफू कानुनतः गलत भए अदालतले भन्नुपर्ने भन्दै उनी पन्छिन खोजे । सुरुको धान १६ हजार भए पनि नयाँ तीन लाख नै भएको उनले दाबी गरे ।

मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय महासचिव मनोज पासवानले मधेशमा सरकारी निकायको कमजोरीले कुलदीप दम्पतीले समस्या भोगेको बताए । 'प्रशासनिक निकायले पीडितको कुरा नसुन्दा, नबुझ्दा समस्या देखिएको छ,' उनले भने, 'आन्दोलन भएपछि, सरकारको आलोचना भएपछि काम गरे जस्तो मात्रै गर्छन् । सरकार यस्ता मुद्दामा अझै गम्भीर हुनुपर्छ ।'

उनका अनुसार आशवतीजस्तै धेरै आम नागरिक ऋण लिएर घरव्यवहार चलाउँछन् । बिरामी पर्दा, भोजभतेर गर्दा, खेती किसानी गर्दा वा छोराछोरी पढाउन साहुकै आस पर्छन् । तर, साहुहरु आफ्नो पैसा सुरक्षित गर्न कानुनविपरीत तीन गुना बढाएर तमसुक बनाउँछन् । ऋणीको सम्पत्तीमा आँखा लगाउँछन् । कब्जा गर्न खोज्छन् । त्यस्तै चपेटामा कुलदीप र उनको श्रीमती आशवती परेको पासवान बताउँछन् ।

# मधेशको चार सय ४२ हेक्टर वन अतिक्रमण मुक्त

**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, बर्दिवास**

मधेश प्रदेशको वन निर्देशनालयले आर्थिक वर्ष २०८१/८२ मा लामो चार सय ४२ हेक्टर वनजङ्गलको जमिन अतिक्रमणकारीबाट छुटाएको जनाएको छ।

उक्त निर्देशनालयबाट प्राप्त जानकारीअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा एक सय ७५ हेक्टर, सप्तरीमा एक सय ११ हेक्टर, बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिराहामा १० हेक्टर तथा महोतरीमा तीन हेक्टर वन क्षेत्रको जमिन फिर्ता लिइएको छ।

निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेश प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार पाँच सय ९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिनुभयो।

यसैबिच, रासससँग कुरा गर्दै वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले प्रशासनिक संयन्त्रले मात्र वनसम्बन्धी समस्यम समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक छ भन्नुभयो।

वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादर घिमिरेले वन क्षेत्रलाई अतिक्रमण हुनबाट रोक्न मातहतका कार्यालयलाई कठोर भएर काम गर्न परिपत्र गरिएको तथा पर्याप्त जनशक्ति परिचालन गरेर परिणाम निकाल्ने गरी समन्वयका साथै अनुगमन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

हाल देशमा ४५ प्रतिशत भूभाग वनले ढाकेको भए पनि मधेस प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको सो निर्देशनालयले जनाएको छ।

प्रदेशभरि दुई लाख दुई हजार दुई सय दुई वनक्षेत्र रहे पनि एक सय ३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ। देशको कुल वन क्षेत्रमध्ये आठ प्रतिशत अतिक्रमणको चपेटमा परेको जनाइएको छ। रासस


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्ट्वीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# नेपाल-भारत गृह सचिवस्तरीय बैठक यसै हप्ता बस्ने

**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**

नौ वर्षदेखि बस्न नसकेको नेपाल-भारत गृह सचिवस्तरीय बैठक यसै हप्ता बस्ने भएको छ । गृहमन्त्री रमेश लेखकले दुई देशको गृह सचिवस्तरीय बैठक यसै हप्ता बस्न लागेको जानकारी दिनुभएको हो ।

गृह मन्त्रालयका सचिवको नेतृत्वमा परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री कार्यालय, नापी विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका उच्च पदस्थ अधिकारी र भारतीय पक्षका पनि निकायका प्रतिनिधिको उपस्थितिमा बैठक हुन लागेको हो ।

बैठकमा सीमामा हुने अपराधको नियन्त्रण, सीमास्तम्भको मर्मतसम्भार लगायतका विषयमा छलफल हुने गृहमन्त्री लेखकले जानकारी दिनुभएको छ ।

यस्तै सीमा क्षेत्रमा हुने आवतजावत व्यवस्थित गर्न पनि गृह सचिवस्तरीय बैठकको महत्त्व रहेको उहाँको भनाइ छ ।

अन्तर्राष्ट्रिय सीमा निर्धारण तथा सीमानामा आउने समस्याबारे छलफल गर्ने बेग्लै निकाय भए पनि सीमासम्बन्धी अपराध नियन्त्रणका लागि गृहसचिव नेतृत्वको संयन्त्रले नै काम गर्ने उहाँले बताउनुभयो ।


# जडिवुटी दुर्घटनामा अमानवीय ढंगवाट घाइतेलाई डिक्कीमा कोचेपछि मृत्यु भएको परिवारको दावी

**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**

गत असार -२२ गते काठमाण्डौको जडिवुटीमा दुर्घटना परेर घाईते भएका महोत्तरीका अरुण थापाको प्रहरीको लापरबाहीको कारण मृत्यु भएको आरोप लागेको छ ।

घाईते थापालाई उद्दार गरेर अस्पताल लैजाने क्रममा ट्याक्सीको पछाडी डिकीमा राखेको सिसिटिभी फुटेज बाहिरिएपछी परिवारले मृत्युको कारक लापरबाही नै भएको निष्कर्ष निकालेका हुन् ।



तर प्रहरीले भने घाईतेलाई उपचार को लागि भक्तपुर इन्टरनेसनल अस्पताल लगेपछी उपचारको क्रममा चिकित्सकहरुले मृत्यु घोषणा गरेको दावी गरेको छ । यहीविचमा बाहिरिएको सिसिटिभी फुटेज हेर्दा भने प्रहरीले डिकीमा अमानवीय ढंगवाट कोचिएको देखिएको छ । फुटेजमा ईनड्राइभ ट्याक्सीलाई बोलाएर घाईतेलाई पछाडी डिकीमा राखिएको र प्रहरीहरु अगाडी वसेको देखिन्छ ।

यही विषयलाई लिएर मृतक थापाका परिवारले अमानवीय ढंगवाट प्रहरीले गरेको लापरबाही कै कारण मृत्यु भएको दावी गर्दै मानवअधिकारवादीहरुलाई गुहारेका छन् ।

मृतक थापाका भाई अनिल थापाले रहस्यमय ढंगले दाजुको मृत्यु भएको वताउदै घटनाको विषयमा स्वतन्त्र छानविन समिति गठन गर्न माग गरेका छन् । पिडित परिवारले आज नै मानव अधिकार आयोगमा उजुरी समेत दिएका छन् । उजुरीमा पारम्भिकरुपमा सिसिटिभी फुटेज हेर्दा प्रहरीले अमानवीयता देखाएको कारण मृत्यु भएको वताउदै नेपालको संविधान तथा मानवअधिकारको गम्भीर उल्लघंन भएको उजुरीमा उल्लेख गरिएको छ । पिडित परिवारले घटनाको सत्यतथ्य छानविन गरि न्याय दिलाउन र उचित क्षतिपुर्तिको व्यवस्थापन गर्न पनि माग गरेका छन् ।

घटनाका सम्बन्धमा कतिपय संकास्पद तथ्यहरु समेत देखिएको वताउदै मृतकका भाई अनिलले थप सिसिटिभी फुटेज माग्दा अस्पताल र प्रहरीले सार्वजनिक गर्न आनाकानी गरेको गुनासो गरेका छन् ।

महोत्तरी बर्दिवास-८ निवासी मृतक थापाका श्रीमती र दुई छोरीहरु रहेका छन् ।

# गौशालामा वितरण भएको समाजिक सुरक्षा भता उपर महालेखा परिक्षकको प्रश्न, असुल गर्नका लागि दिए निर्देशन

**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**

गौशाला नगरपालिकाको कार्यालयले लाभग्राहीलाई उपलब्ध गराएको समाजिक सुरक्षा भता वितरणमा गम्भीर त्रुटी गरिएको पुष्टि गरेको छ । नगरपलिकाले आर्थिक बर्ष २०८०। ०८१ मा वितरण गरिएको समाजिक सुरक्षाभता नियम संगत विपरित वितरण गरिएकोले रकम ४ लाख ७९ हजार ६ सय ८५ रुपैयाँ रकम असुल उपर गर्नुपर्ने देखाएको छ ।

महालेखापरिक्षक कार्यालयले सार्वजानिक गरेको प्रतिवेदनअनुसार दुई अलग अलग शिर्षकमा गरि सो रकम असुल गर्नुपर्ने तथ्य सार्वजानिक गरिएको छ ।

मृत्यु भएपश्चात वितरण गरिएको समाजिक सुरक्षा भत्ता वापतको रकम वढि भुक्तानी गरिएकोले नगरपालिकाको वडा नं. १, २, ४, ७, १० र १२ का कार्यालयका सेवाग्राही उपर र कम असुली गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

तथ्यांक स्रोतका अनुसार विभिन्न १४ जना लाभग्राहीलाई वितरण गरिएको समाजिक सुरक्षा भता नियमसंगत नरहेकोले १ लाख २७ हजार ८४५ रुपैयाँ असुल गर्नुपर्ने उल्लेख गरेका छन् ।

त्यस्तै गौशाला नगरपालिका वडा नं. ५, ९ र ११ को वडा कार्यालयले चारवटै त्रैमासिकमा वितरण गरिएका समाजिक सुरक्षा भता वितरणको क्रममा त्रृटि गरिएकोले ३ लाख ५१ हजार ८४० रुपैयाँ असुल गर्नुपर्नेमा राखिएको छ । महालेखा परिक्षणको प्रतिवेदनअनुसार विभिन्न ८ जना लाभग्राहीलाई समाजिक सुरक्षा भता उपलब्ध गराउने क्रममा एउटै नागरिकता नम्बर, एउटै जन्ममिति, एउटै नामका आमाबुबा भएका लाभग्राहीले दोहोरो भता भुक्तानी गरिएको देखिएको छ ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

❖प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
❖पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
❖सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
❖दीर्घ रोगबाट बच्न,
❖उपचार खर्च कम गर्न,

त्यसैले,

❖स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
❖आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
❖स्वस्थ्य र निरोगी बनौं ।

सम्सी गाउँपालिका

महोत्तरी

## नसर्ने रोगबाट बच्ने उपाय ।

❖धुमपान र मद्यपान नगरौं,
❖ दैनिक शारीरिक व्यायाम गरौं,
❖मानसिक तनावबाट मुक्त रहौं,
❖अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
❖ स्वस्थकर र सन्तुलित भोजन गरौं,
❖ नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

**गौशाला नगरपालिका, महोत्तरी**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,